## कार्यपालिका बैठकका निर्णयहरु

**प्रस्तावहरु:**

१. धन्यवाद ज्ञापन सम्वन्धमा
२. वजेट निर्माण सँग सम्वन्धित समितिहरु गठन सम्वन्धमा
३. विषयगत समिति गठन सम्वन्धमा
४. रकमान्तर तथा स्रोत व्यवस्थापन सम्वन्धमा:
५. आ. व. २०७९/८० को वजेट तयारी सम्वन्धमा

## निर्णयहरु

**१. धन्यवाद ज्ञापन सम्वन्धमा**

- स्थानीय तहको निर्वाचन २०७९ मा आफ्नो अमूल्य मतदान मार्फत निर्वाचित गरी विश्वासका साथ गाँउपालिकाको नेतृत्व गर्ने अवसर प्रदान गर्नुहुने आम स्थानीयबासी तथा मतदाताहरुप्रति ओमसतिया गाँउपालिका गाँउकार्यपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै यस गाँउपालिकाको सुशासन, विकास र स्थानीय हितको मामिलामा सम्पूर्ण सदस्यहरु एकजुट भएर अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।
- संघीय राज्यको स्थापना पश्चात स्थानीय तहको निर्वाचन २०७४ मार्फत निर्वाचित जनप्रतिनिधीहरुद्वारा आफ्नो कार्यकालमा ओमसतिया गाँउपालिकाको विकास निर्माण एवम सुशासन तथा सम्वृद्धिका लागि गर्नुभएको योगदान प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा यस गाँउपालिकाको सर्वाङ्गिण र सर्वपक्षीय विकासका लागि सकारात्मक सहयोगको अपेक्षा गर्दछौं ।साथै निवर्तमान जनप्रतिनिधीहरुको सम्मानमा यस गाँउपालिकाको कार्यालयका तर्फबाट मिति २०७९/२/२७ गते दिनको ३ बजे विदाई कार्यक्रम आयोजना गर्ने ।

**२. वजेट निर्माण सँग सम्वन्धित समितिहरु गठन सम्वन्धमा**

क) **राजस्व परामर्श समिति:** यस गाँउपालिका अन्तर्गत राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आन्तरिक आयको अनुमान गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिम काम, कर्तव्य र अधिकार क्षेत्र रहने गरी देहाय अनुसारको स्थानीय राजस्व परामर्श समिति गठन गर्ने।

- सुनिता चौधरी, उपाध्यक्ष - संयोजक
- सागर गौतम, प्र.प्र.अ. - सदस्य
- गुन्जा कुमारी चौधरी, का.पा. सदस्य - सदस्य
- शेर सिंह थकाली, का.पा. सदस्य - सदस्य
- जवाहीर यादव, ओमसतिया-४ -सदस्य
- टीकाराम वस्याल, पडसरी-८ -सदस्य
- कमल शर्मा, लेखा अधिकृत - सदस्य सचिव

०७९/२/२३
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

उपरोक्त समितिले आ.व. ०७९/८० का लागि यस गाँउपालिकाको आन्तरिक आयको श्रोत, दायरा र दरको विश्लेषण सहित आन्तरिक आय प्रक्षेपण गर्न आजैदेखि कार्य प्रारम्भ गरी १ हप्ताभित्र कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्नेछ ।

ख) <u>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति:</u> यस गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम देहाय अनुसारको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने ।

- मन्जित कुमार यादव, गा.पा. अध्यक्ष - संयोजक
- सुनिता चौधरी, गा.पा. उपाध्यक्ष - सदस्य
- अनिता हरिजन, का.पा. सदस्य - सदस्य
- मन्जेश चौधरी, का.पा. सदस्य - सदस्य
- शेरसिंह थकाली, का.पा. सदस्य - सदस्य
- शितल जि.टी, का.पा. सदस्य - सदस्य
- सागर गौतम, प्र.प्र.अ. - सदस्य सचिव

ग) <u>बजेट तथा कार्यक्रम तर्जुमा समिति:</u> खण्ड ख बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका तथा बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ अनुसार देहाय अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने ।

- सुनिता चौधरी, गा.पा. उपाध्यक्ष - संयोजक
- सागर गौतम, प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- अखिलेश्वर पाण्डे, संयोजक, आर्थिक विकास समिति - सदस्य
- प्रकाश सिंह, संयोजक, सामाजिक विकास समिति - सदस्य
- मदन प्रसाद पोखरेल, संयोजक, पूर्वाधार विकास समिति - सदस्य
- सितल जि.टी, संयोजक बन वातावरण तथा विपद् व्यवस्थापन समिति - सदस्य
- गुन्जा चौधरी, संयोजक, सुशासन तथा संस्थागत विकास समिति - सदस्य
- निर्मल थापा, ईन्जिनियर - सदस्य सचिव

३. <u>विषयगत समिति गठन सम्बन्धमा</u>

यस गाँउपालिका अन्तर्गत कार्यपालिकाले निर्णयको लागि पेश भएका प्रस्तावमा आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिन तथा गाँउपालिका अन्तर्गत विभिन्न क्षेत्रगत कार्यहरुमा सहजीकरण गर्नको लागि ओमसतिया गाँउपालिका गाँउकार्यपालिका(कार्यसम्पादन) नियमावली, २०७४ एवम स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.१.३ बमोजिम देहाय अनुसार विषयगत समिति गठन गर्ने ।

**क) आर्थिक विकास समिति (कृषि, पशु, पर्यटन, उद्योग, सहकारी आदि क्षेत्र)**

अखिलेश्वर पाण्डे - संयोजक
मदन प्रसाद पोखरेल - सदस्य

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

सितल जि .टी - सदस्य
प्रकाश सिंह - सदस्य
सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

ख) सामाजिक विकास समिति (शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति एवम लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण आदि क्षेत्र)

प्रकाश सिंह - संयोजक
अखिलेश्वर पाण्डे - सदस्य
मदन प्रसाद पोखरेल - सदस्य
सितल जि. टी. - सदस्य
सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

ग) पूर्वाधार विकास समिति (सडक, पुल, सिंचाई, भवन तथा सहरी विकास, संचार, उर्जा आदि क्षेत्र)

मदन प्रसाद पोखरेल - संयोजक
प्रकाश सिंह - सदस्य
अखिलेश्वर पाण्डे - सदस्य
शेर सिंह थकाली - सदस्य
सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति (भू-संरक्षण, जलाधार संरक्षण, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन आदि क्षेत्र)

सितल जि .टी. - संयोजक
अखिलेश्वर पाण्डे - सदस्य
प्रकाश सिंह - सदस्य
मदन प्रसाद पोखरेल - सदस्य
सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

ङ) सुशासन तथा संस्थागत विकास समिति

गुन्जा कुमारी चौधरी - संयोजक
प्रकाश सिंह - सदस्य
अखिलेश्वर पाण्डे - सदस्य
मदन प्रसाद पोखरेल - सदस्य
सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव

च) विधेयक समिति

शेर सिंह थकाली - संयोजक
प्रकाश सिंह - सदस्य
मदन प्रसाद पोखरेल - सदस्य
अखिलेश्वर पाण्डे - सदस्य

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

**४. रकमान्तर तथा स्रोत व्यवस्थापन सम्बन्धमाः**

क) यस गाँउपालिकाका नवनिर्वाचित अध्यक्षज्यूले पदवहाली गर्दाका बखत भएको पहिलो निर्णय कार्यान्वयन गर्ने प्रयोजनार्थ चालु आ.ब. को शिक्षा तर्फको शिर्षक नं २२३१३ अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक खरिद शिर्षकमा विनियोजित बजेटबाट रु १० लाख रकम रकमान्तर गरी ओमसतिया गाँउपालिका स्थित सम्पूर्ण सामुदायिक विधालयमा अध्ययनरत कक्षा १ देखि ५ सम्मका विद्यार्थिहरुलाई झोला वितरण कार्यक्रममा खर्च गर्ने ।

ख) आ. ब. २०७८/७९ को बार्षिक कार्यक्रम अनुसार विनियोजित भई हालसम्म सम्झौता हुन नसकि बाँकी रहेका योजनाको हकमा उक्त रकमबाट सम्बन्धित वडामा यो आ.ब. मै सम्पन्न नगरी नहुने अति आवश्यक कार्यको लागि रकमान्तर गर्न आवश्यक भएमा वडा समितिको निर्णय सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

**५. आ. ब. २०७९/८० को बजेट तयारी सम्बन्धमा**

आगामी आर्थिक वर्षको बजेट निर्माणको लागि प्रत्येक वडाका वडाध्यक्षहरुले वडा समितिका सदस्यहरु र कर्मचारीलाई समेत परिचालन गरी सम्बन्धित वडाका प्रत्येक टोल बस्तीमा टोल भेलाको लागि यथासिघ्र समय तालिका निर्धारण गरी उक्त भेला मार्फत योजनाहरुको माग संकलन गर्ने र वडा समितिले प्राथमिकिकरण गरी गाँउपालिकामा पठाउने ।

०७९/०२/२३
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

ओमसतिया गाँउपालिका